दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ०७ | बुटवल | २०८२ पौष १७ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday January 01, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## रास्वपाले समानुपातिक सूची सच्याउने



बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले २१ फागुनको प्रतिनिधिसभा चुनावका लागि निर्वाचन आयोगमा पेस गरेको समानुपातिक बन्द सूची सच्याउने भएको छ।

रास्वपाको पार्टी सचिवालयले बुधबार एक सूचना जारी गर्दै समानुपातिक बन्द सूचीप्रति विभिन्न सरोकारवालाहरूबाट प्राप्त सुझावलाई मध्यनजर राख्दै सूचीमा देखिएको त्रुटि सच्याउने जनाएको हो ।

निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको बन्दसूचीलाई लिएर असन्तुष्टि बढेपछि बन्द सूची सच्याउने तयारी रास्वपाले गरेको हो ।

'बन्दसूचीमा रहेका त्रुटिहरू सच्याउन निर्वाचन आयोगद्वारा दिइएको समयसीमाभित्र पार्टीले कुनै त्रुटि देखिएमा सुधार गरी समयमै पेस गर्ने जानकारी गराइन्छ । अतः बन्दसूचीमा सच्याउनुपर्ने विषयमा १७ पौष बिहान १० बजेभित्र यथोचित सुझाव प्रदेश सभापतिमार्फत् वा सिधैं पार्टी केन्द्रीय कार्यालयमा बुझाउन सकिने छ ।'- सूचनामा भनिएको छ ।

समय अभावलाई मध्यनजर गर्दै अन्तिम समयमा गर्नुपर्ने राजनीतिक संवाद र सहमतिका कारणले यस प्रक्रियामा कुनै कमीकमजोरीहरू देखिएमा सच्याउन पाइने समयको सदुपयोग गरिने रास्वपाको भनाइ छ।

## पूर्वमन्त्री गुप्तालाई थुनामा राख्न आदेश



बुटवल । विशेष अदालतले घुस लिएर भ्रष्टाचारको आरोप खेपेका पूर्वमन्त्री राजकुमार गुप्तालाई थुनामा राख्न आदेश दिएको छ।

गुप्ता नेकपा एमालेका नेता हुन् ।

बुधबार विशेष अदालतमा उपस्थित भएका उनको बयानपछि थुनछेक बहस भएको थियो । विशेष अदालतले वेबसाइटमा अपडेट गरेको विवरणअनुसार उनलाई थुनामै राखेर मुद्दा अघि बढाउन आदेश भएको हो ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्यहरू डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले उनलाई थुनामा पठाउनु पर्ने आदेश गरेको हो । आदेशको विवरण सार्वजनिक भइसकेको छैन ।

पोखरा बाटुलेचौरको १३४ रोपनी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने प्रयासका सम्बन्धमा गुप्ता घुस लेनदेनमा मुछिएका थिए ।

यसैबिच नक्कली सुकुम्बासीलाई विद्यालयको जग्गा दिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूमि आयोग कास्कीका अध्यक्ष गंगाप्रसाद पोखरेलसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

भ्रष्टाचार मुद्दा खेपेका मालपोत कार्यालय कास्कीका प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारी लिचीबारी जग्गा प्रकरणमा समेत मुछिएका व्यक्ति हुन् ।

तत्कालीन सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र विचौलियाबिच भूमी आयोग कास्कीका प्रमुख नियुक्तिमा समेत लेनदेन भएको अडियो सार्वजनिक भएको थियो ।

त्यतिबेला उनीहरुबिचको संवादमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले अर्कैसँग घुस खाई कास्कीको भूमि आयोग अध्यक्ष नियुक्ति गरिसकेको कुराकानी बाहिरिएको थियो ।

त्यही कुराकानीमा प्रसंग निस्किएको भूमी आयोग कास्कीका तत्कालीन अध्यक्ष गंगाप्रसाद पोखरेलसहित सबै पदाधिकारीहरु भ्रष्टाचार मुद्दामा परेका हुन् ।

पोखरा महानगरपालिका-२६ लेखनाथमा रहेको सामुदायिक अमरज्योति आधारभूत विद्यालयको ३ रोपनी ३ आना जग्गा भूमी आयोगले नक्कली सुकुम्बासीको नाममा दर्ता गरेको अख्तियारको आरोप हो ।

अख्तियारले गैरसुकुम्बासीलाई झुटा विवरणका आधारमा सुकुम्बासी बनाएको देखिएको आरोप लगाएको छ।

भीमबहादुर विकले आफ्नी पत्नी सुकुमाया कामीको नाममा जग्गा लिएको भन्दै अख्तियारले एक करोड ४० लाख रुपैयाँ हानीनोक्सानी भएको दाबी गरेको हो ।

अख्तियारले भूमि आयोग कास्कीका सदस्य समेत रहेका कास्कीका तत्कालीन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारी, अरु सदस्यहरू आशबहादुर गुरुङ, उमाकुमारी थापा र सोमबहादुर नेपालीमाथि मुद्दा चलाएको हो । जग्गा पाउने भीमबहादुर विकलाई पनि अख्तियारले मुद्दा चलाएको छ।

### गौतमबुद्ध विमानस्थल :

# एक वर्षमा अन्तर्राष्ट्रिय उडान गर्ने यात्रु १९ हजार मात्रै





**मोहम्मद हबिब**

*भैरहवा*

भैरहवामा अवस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट एक वर्षमा ७ लाख ७८ हजार ९ सय ३० जना यात्रुले उडान अवतरण गरेका छन् ।

२०२३ फागुन १७ मा आन्तरिक विमानस्थलको रूपमा उद्घाटन भएको र २०७९ जेठ २ गते (बुद्ध पूर्णिमाको दिन) अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा औपचारिक उद्घाटन गरिएको विमानस्थलले सन २०२५ मा आन्तरिकतर्फ १२ हजार ५ सय ३३ उडानमार्फत् ७ लाख ५९ हजार ३ सय ७९ यात्रुलाई सेवा दिएको छ भने अन्तर्राष्ट्रियतर्फ ३ सय ९३ उडानमार्फत् १९ हजार ५ सय ५१ यात्रुलाई सेवा दिएको छ।

विमानस्थल सञ्चालन नहुनुमा पूर्वाधारको अभाव नभएको प्राधिकरणको दाबी छ। समस्यालाई सम्बोधन गर्न यात्रु सेवा शुल्क, ल्यान्डिङ/पार्किङ्/नेभिगेसन, पर्यटन शुल्कमा शत प्रतिशत छुट र ग्राउन्ड ह्यान्डलिङमा ७५ प्रतिशत छुट दिइएको सूचना अधिकारी विनोद रावतले जानकारी दिए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको २७औं वार्षिकोत्सवको अवसर पारेर गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान सञ्चालन गर्ने तयारी भइरहेका बेला अर्बौं रुपैयाँको लगानीमा निर्माण गरिएको उक्त विमानस्थल अझै पनि पूर्णरूपमा सञ्चालनमा आउन नसक्दा लुम्बिनी प्रदेशको अर्थतन्त्र, पर्यटन र व्यावसायिक क्षेत्र चिन्तित छन् ।

अन्तर्राष्ट्रिय उडानको केन्द्र बनाउने लक्ष्यसहित निर्माण गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल अपेक्षित रूपमा सञ्चालन हुन नसक्दा प्रदेश सरकारदेखि निजी क्षेत्र, पर्यटन व्यवसायी तथा स्थानीयवासीसम्म निराश बनेका हुन् ।

वार्षिकोत्सवको अवसरमा बोल्दै प्रमुख अतिथि लुम्बिनी प्रदेशका मुख्यमन्त्री विमानस्थल सञ्चालनका लागि आवश्यक परे प्रदेश सरकारले जिम्मेवारी लिन तयार रहेको भन्दै श्रम स्वीकृति दिने कार्यालय यही स्थापना गर्न, स्वास्थ्य जाँच प्रदेश सरकारले गर्ने समेत प्रस्ताव राखेको बताउदै संघीय सरकारले यस सम्वन्धि अधिकार नदिँदा ती काम अघि बढ्न नसकेको बताए।

उनले अन्तर्राष्ट्रिय विमानस्थललाई नियमित रूपमा सञ्चालन गर्न विदेशी राष्ट्रहरूसँग कूटनीतिक सम्बन्धका आधारमा वातावरण निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउँदै हवाई उडान नियमित गर्न विश्व समुदायको विश्वास आर्जन गर्न कूटनीतिक पहल अपरिहार्य रहेको जनाए।

संघीय सरकारले विमानस्थल सुचारु गर्न अविलम्ब ध्यान दिनुपर्ने उल्लेख गर्दै उनले प्रदेश सरकार साझेदारी गर्न पूर्णरूपमा तयार रहेको स्पष्ट पारे । तर, प्रदेश सरकारले अघि सारेका प्रस्तावहरूमा संघीय सरकारले हालसम्म कुनै निर्णय नगरेकोप्रति उनले असन्तुष्टि व्यक्त गरे। 'अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध अगाडि बढाएर, विश्वास आर्जन गरेर यो विमानस्थल सुचारु गर्न जरुरी छ, गरिनुपर्छ। त्यसको निम्ति प्रदेश सरकारबाट के कती जिम्मेवारी लिनुपर्ने हो हामी तयार छौं ।'- उनले भने।

मुख्यमन्त्री आचार्यले परिणाममुखी ढंगले काम गर्न प्रदेश सरकार तयार रहेको बताउँदै व्यवसायीहरूका समस्या समाधानका लागि पटक पटक वार्ता भए पनि ठोस समाधान हुन नसकेको उल्लेख गरे। उनले संघीय सरकार र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ध्यानाकर्षण गराउँदै लुम्बिनी प्रदेशमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा राखिएको लक्ष्य र उद्देश्यअनुसार तत्काल नियमित सञ्चालनको व्यवस्था मिलाउन आग्रह गरे।

लुम्बिनी प्रदेशका युवा तथा खेलकुद मन्त्री सन्तोष पाण्डेले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल लुम्बिनी प्रदेशको मात्र नभई समग्र मुलुकको गौरवको आयोजना भएको बताएका छन्। उनले विमानस्थल सञ्चालनमा देखिएका समस्या समाधानका लागि संघीय सरकार, प्रदेश सरकार र सम्बन्धित निकायबिच प्रभावकारी समन्वय अपरिहार्य रहेको बताए।

विमानस्थलको पूर्वाधार पूर्णरूपमा तयार भइसकेको भए पनि उडान संख्या र यात्रु आवागमन बढाउन सबै सरोकारवालाहरूको सामूहिक प्रयास अपरिहार्य रहेको विमानस्थल विमानस्थलका निमित्त महाप्रवन्धक श्यामकिसोर साहले बताए । त्रिभुवन विमानस्थलभन्दा सुविधा र प्रविधिका हिसाबले गौतमबुद्ध विमास्थल एक कदम अगाडि रहेको छ, तर त्रिभुवन विमानस्थलको यात्रुको चाप भैरहवाले साझा गर्न नसकेको उनले बताए। सरकारले भैरहवालाई कार्गो हब बनाउने नीति लिए पनि कार्यान्वयन हुन नसकेको बताउँदै उनले एक वर्षभित्र यो विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडानको लागि पहल गरेको जनाए। विमानस्थलबाट नियमित उडान सञ्चालनका लागि सरकारलाई अनुरोध गर्नेदेखि कुटनीतिक पहल भइरहेकाले सन् २०२६ को अन्त्यसम्म भैरहवाबाट अन्तर्राष्ट्रिय उडानको संख्या वृद्धि हुने उनले बताए।

» बाँकी ३ पेजमा

## सियारीको गौशालामा मर्न थाले गाई, बस्ती नजिकै व्यवस्थापन गर्दा स्थानीयको आपत्ती



भैरहवा । रूपन्देहीको सियारी गाउँपालिकाले सञ्चालन गरेको गौशालामा दैनिक रुपमा गाईहरु मर्दै गएका छन् ।

पालिका क्षेत्रमा रहेको छाडा चौपाया व्यवस्थापनका लागि सियारी गाँउपालिकाले २०७९ सालदेखि सियारी-३, भैसाखादरमा रामजानकी गौशाला सञ्चालनमा ल्याएको हो। पालिका र भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र भैरहवाको लागत निर्माणमा गुठीको जग्गा लिजमा लिएर गौशाला सञ्चालनमा आएता पनि अहिले जाडो मौसममा दैनिक रुपमा गाईहरु मर्न थालेपछि स्थानीयले आवाज उठाउँदै आएका छन् । पोसिलो आहार खान र समुचित बास नपाउँदा जीवनमरणको दोसाँधमा गाईहरु पुग्ने गरेका छन् ।

पालिका क्षेत्रमा रहेका अस्वस्थ र पोषण नभएका गाई गोरु स्थानीय वडाको सिफारिसमा गौशालामा आउने गरेको पालिका पशु सेवा शाखाले जानकारी दिएको छ । व्यवस्थापन समितिमार्फत् सञ्चालनमा रहेको रामजानकी गौशालामा अनुत्पादक र मर्न लागेका पशुहरुलाई गौशालामा छोड्दा पोषणको अभावले गाई तथा बाच्छाबाच्छी मर्न लागेको पशु प्राविधिक राम चौधरीले बताए।

किसानहरुको बाली नोक्सानी न्यूनीकरण र सडक दुर्घटना न्यूनीकरणका लागि छाडा चौपाया व्यवस्थापनको लागि यो गौशाला सञ्चालनमा आएको हो। किसानहरुले पशु उत्पादन गर्न छाडेपछि काम नलाग्ने भएको रोगी, मर्न लागेका, कुपोषणसहितको चौपाया आउने गरेकोले मर्न थाल्नु स्वाभाविक रहेको बताए । मरेका पशुलाई व्यवस्थापन समितिले व्यवस्थापन गरेको छ।

अहिलेको अवस्थामा भुस र परालको व्यवस्था छ, जाडोबाट बच्नका लागि पनि व्यवस्थापन भएको अनुगमन निरीक्षणमा देखिएको छ । समग्रमा अन्य गौशालाभन्दा यहाँ राम्रो देखिएको र कालगतिले नै धेरै मर्न थालेको पशु सेवा शाखाको रिर्पोट छ।

स्थानीय केशव मिश्राले गौशालामा नियमित रुपमा गाईहरु मर्न थालेको र बस्ती नजिकै खनेर गाडेकोले हैजाको प्रकोप हुने सम्भावना रहेको बताए।

» बाँकी ३ पेजमा

हार्दिक बधाई तथा शुभकामना
३८औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।
स्कलर्स होम बोर्डिङ्ग स्कूल परिवार
बुटवल-११, रूपन्देही

## सम्पादकीय

# दलहरूको अपारदर्शी समानुपातिक सूची

आगामी फागनु २१ मा हुने प्रतिनिधिसभा निर्वाचनका लागि दलहरूले समानुपातिक प्रणालीतर्फका दलहरूले निर्वाचन आयोगमा बुझाएको उम्मेदवारको बन्दसूचीप्रति प्रश्न उठेको छ। बन्दसूचीमा समावेश नामले दलहरू सुधार होइनन्, पुरानै ढंगले चल्न खोजी रहेका छन् भन्ने देखिन्छ। पूराना भनिएका कांग्रेस–एमालेलगायत मात्रै नभएर नयाँ राष्ट्रिय स्वतन्त्र पार्टीको हविगत उस्तै छ। पारदर्शी छनौटलाई बेवास्ता गरेर समाजमा कुनै ढंगले बर्चश्व जमाएका व्यक्ति र उनीहरुका परिवारिक सदस्यलाई उम्मेदवार बनाउनुको अर्थ हो,-समाजमा राजनीति तरमारा वर्गकै हालीमुहाली छ।

राष्ट्रिय स्वतन्त्र पार्टीमा कुलमान घिसिङको पार्टी र काठमाडौंका मेयर बालेन्द्र साहको समूह मिसिएपछि जुन उत्साह छ, समानुपातिक सूचीले निराश बनाएको छ। नेताका आफन्तहरुको लामो लस्कर छ, विगतमा अरु पार्टीमा बर्चश्व जमाएका व्यवसायिक घरानाको पकड पनि यो पार्टीमा देखियो। प्रतिष्ठित व्यवसायी चन्द्र ढकालका छोरा, नेता घिसिङका भाञ्जालगायतका आफन्त, दलित कोटामा विभिन्न क्षेत्रमा सेलीब्रेटी भएकाहरुको तछाडमछाड देख्दा राजनीतिमा भुइँमान्छेको प्रवेश र सहभागिता कमजोर बनेको छ। समावेशी प्रतिनिधित्व र नीति निर्माण तहमा भुइँ मान्छेको सहभागिताका लागि समानुपातिक सूचीबाट उम्मेदवार विजयी हुने प्रणाली संविधानमा राखिएको हो। प्रतिनिधिसभाका २७५ सदस्यमध्ये प्रत्यक्षमा १६५ जना निर्वाचित हुन्छन्। समानुपातिकमा ११० जना निर्वाचित हुने व्यवस्था छ। समानुपातिक प्रणालीबाट निर्वाचित हुने ११० जना सीमान्तकृत र समाजमा विशिष्ट योगदान दिएका विज्ञ पर्नुपर्ने संवैधानिक मर्मलाई कुल्चेर राजनैतिक दलहरुले जुन रवैया देखाएका छन्, यसले नागरिकलाई दलप्रति वितृष्णाको जोखिम छ।

एमाले-कांग्रेसमा कतिपय अनुहार पटक-पटक चुनाव लडेका अनुहार छन्। यद्यपी एमालेले यो सूची नयाँसहित तीन पुस्ताको संयोजन भएको बताएको छ। कांग्रेसमा पनि समानुपातिकको सूचीप्रति चर्को असन्तुष्टि छ। नेता अर्जुननरसिंह केसी समानुपातिक सूचीमा परेपछि आलोचना भएपछि महामन्त्री गगन थापाले प्रष्टिकरण दिएका छन्। रास्वपामा चुलिएको असन्तुष्टिलाई मत्थर पार्न कमजोरी सुधार गर्न सकिने सभापति रवि लामिछानेले बताएका छन्।

निर्वाचन आयोगको कार्यतालिकाअनुसार उम्मेदवारको नाम संशोधन, उम्मेदवार स्वयंले नाम फिर्ता लिने, रिक्त स्थानमा नयाँ नाम राख्ने जस्ता केही चरणका काम पूरा गर्दै माघ २० गते अन्तिम बन्दसूची प्रकाशित हुनेछ। त्यसबेलासम्मका लागि दलहरुलाई सुधारको मौका छ। पारदर्शी हुँदै संवैधानिक मर्मको हेक्का राख्दा लोकतन्त्रमा दलहरूको जीत हुन्छ। उनीहरु नै बलिया हुन्छन्। दलहरूप्रति जनविश्वास बलियो हुँदै जान्छ।

# नेप्से परिसूचक १० अङ्कले बढ्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार १० दशमलव ८७ अङ्कले बढेर दुई हजार ६३३ दशमलव ७६ को बिन्दुमा कायम भएको छ। ३४२ कम्पनीको एक करोड १९ लाख ४६ हजार ३३३ कित्ता शेयर ६३ हजार ९८१ पटक खरिद बिक्री हुँदा रु पाँच अर्ब १३ करोड ४८ लाख ५० हजार ५२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा बढी उत्पादन तथा प्रशोधन समूह एक दशमलव ६१ प्रतिशतले बढेको छ। एसवाई प्यानल नेपाल लिमिटेड र ङादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी ग्रीन भेन्चर लिमिटेडको रु १७ करोड ७९ लाख तीन हजार ४१३ बराबरको तीन लाख ४९ हजार ७४४ कित्ता शेयर किनबेच भएको छ।

# चमत्कारी नायकको खोज कि लोकतान्त्रिक प्रणाली निर्माण ?



डा.ढाकाराम भण्डारी

नेपाली समाजमा अहिले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको बहस क्षणिक राजनीतिक 'फेसन'मात्र होइन। यो बहस हाम्रो राष्ट्रिय चेतना, शासकीय असफलताप्रतिको निराशा र लोकतान्त्रिक आकांक्षाको गहिराइलाई मापन गर्ने आधार बनेको छ। मूल प्रश्न के भने हामी हाम्रो समस्या समाधानका लागि यस्तो चमत्कारी नायक वा जादूगर खोजी रहेका छौँ जसले 'छू मन्तर' गरेर पलभरमै सबै इच्छाआकांक्षा पूरा गरिदेओस्। कि हामी दीर्घकालीन र श्रमसाध्य प्रक्रियामार्फत् बलियो, संस्थागत लोकतन्त्र निर्माण गर्ने यात्रामा छौँ ?

हामीले जुन गतिमा र जसरी यस बहसलाई अगाडि बढाएका छौँ, त्यसले हाम्रो चिन्तनको सतहीपनलाई प्रस्ट पार्छ। समस्या नाम फेर्ने वा व्यक्ति बदल्ने प्रश्नमा होइन, बरु यसको कार्यान्वयन क्षमता र संरचनागत कमजोरीमा छ। प्रत्यक्ष कार्यकारी प्रमुखको आकर्षण, संसदीय प्रणालीको अव्यवस्थाबाट उत्पन्न असन्तोषलाई सम्बोधन गर्ने एउटा सहज उपायजस्तो देखिए पनि यसले लोकतन्त्रको मेरुदण्ड बनेको शक्ति सन्तुलन र पृथकीकरणलाई क्षति पुऱ्याउने खतरा बोकेको छ।

**प्रत्यक्ष कार्यकारी प्रमुख – दुई धारे तरबार**

नेपालको राजनीतिक अस्थिरता, सरकार सञ्चालनमा देखिएको अदक्षता र कमजोर जवाफदेहीले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको अवधारणाप्रति जनचासो बढाएको हो। यसले स्थायित्व र कार्यक्षमताको वाचा बोकेको छ तर यसको जोखिम र चुनौती पनि त्यत्तिकै गम्भीर छन्।

पहिलो पक्षमा, यस प्रणालीले स्थिरताको आशा जगाउँछ। जब जनताले प्रत्यक्षरूपमा एक व्यक्तिलाई शासन गर्ने जनादेश दिन्छन्, त्यस्तो नेतृत्व जनताप्रति सीधा र अकाट्यरूपमा उत्तरदायी हुनुपर्ने हुन्छ। असफलतामा दोष अरूलाई थोपर्ने ठाउँ रहँदैन। त्यस्तै, बारम्बार सरकार ढल्ने चक्रबाट मुक्ति पाएपछि पूर्वाधार, शिक्षा, स्वास्थ्यजस्ता दीर्घकालीन योजनामा निरन्तरता कायम गर्न सजिलो हुन्छ। विशेषतः महामारी वा आर्थिक संकटजस्ता निर्णायक क्षणमा यस्तो नेतृत्वले छिटो, ठोस र प्रभावकारी निर्णय लिनसक्ने अपेक्षा गरिन्छ।

अर्को धार त्यत्तिकै खतरनाक छ। कमजोर संस्थागत जग भएको समाजमा अत्यधिक शक्ति एक व्यक्तिमा केन्द्रित हुँदा अधिनायकवादतर्फ विचलन हुने जोखिम बढ्छ। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले संसद्लाई औपचारिकता दिनमात्र प्रयोग गरिने 'रबरछाप' मा सीमित पार्ने खतरा हुन्छ, जसले कार्यकारी अधिनायकत्वलाई जन्म दिन सक्छ। यसरी लोकतन्त्रको मेरुदण्ड बनेको शक्ति सन्तुलन कमजोर पर्न सक्छ। यस्तै, अल्प मतान्तरले पनि पूर्ण सत्ता हात पार्ने 'विजेताले सबै पाउने' पद्धतिले बहुल समाजमा अल्पसंख्यक र सीमान्तकृत समुदायको आवाज दबिने तथा कृपावादको प्रश्रयले शासकका नजिकका सीमित व्यक्तिहरूको स्वेच्छाचारिता बढ्न सक्छ।

सबैभन्दा ठूलो समस्या त असफल वा भ्रष्ट कार्यकारी प्रमुखलाई तत्काल हटाउन गाह्रो हुनु हो। संसदीय प्रणालीमा जस्तो अविश्वासको प्रस्तावमार्फत् सरकार फाल्ने संयन्त्र यहाँ निष्क्रिय हुन्छ। त्यसैले नागरिकहरूले अर्को चुनावसम्म निराशा बोकेर बस्नुपर्ने बाध्यता आउँछ वा महाभियोग लगाउने जस्ताको लागि संसद्मा दुइतिहाई पुऱ्याउनु पर्ने हुन्छ।

**संस्थागत लोकतन्त्र – 'बहुदेवता दर्शन'**

लोकतन्त्रको सार कुनै एक व्यक्तिको नायकत्वमा सीमित हुँदैन। लोकतन्त्र भनेको संस्थागत शक्ति सन्तुलन र संस्थागत परिपक्वताको निरन्तर अभ्यास हो। नेतृत्व अस्थायी हुन्छ, व्यक्तिहरू आउनेजाने गर्छन् तर संस्थाहरू दीर्घकालीन रूपमा समाज र राष्ट्रलाई अड्याउने आधारस्तम्भ हुन्छन्।

सनातन धर्ममा प्रचलित बहुदेवता दर्शनले बहुलता र कार्य विभाजनको गहिरो शिक्षा दिन्छ। सृष्टिको प्रक्रियामा ब्रह्मालाई सर्जक, विष्णुलाई पालक र महेश्वरलाई संहारकका रूपमा स्वीकार गरिन्छ। यो त्रिदेव अवधारणाले एउटामात्र शक्ति पर्याप्त हुँदैन भन्ने स्पष्ट पार्छ। सृष्टि, पालन र संहार प्रत्येक अनिवार्य छन् तर एकै हातमा भए भने असन्तुलन अपरिहार्य बन्छ। यही दृष्टान्तलाई राजनीतिक संरचनामा पनि लागु गर्न सकिन्छ।

लोकतन्त्रमा कार्यकारी, व्यवस्थापिका, न्यायपालिका, संवैधानिक अङ्गहरू, नागरिक समाज र स्वतन्त्र सञ्चारमाध्यम सबै अलगअलग तर परिपूरक 'संस्थागत देवता' हुन्। यीमध्ये कुनै एउटा पक्ष बलियो भएर अरूलाई ओझेलमा पाऱ्यो भने लोकतन्त्र सङ्कुचित हुन्छ। उदाहरणका लागि, कार्यकारीमात्र सशक्त भयो तर न्यायपालिका र संसद् कमजोर भए भने त्यस अवस्था लोकतन्त्र होइन, कार्यकारी अधिनायकत्व हुन्छ। त्यस्तै, संसद् असीमित बलियो भयो तर न्यायपालिका स्वतन्त्र रहेन भने नागरिक अधिकार सुरक्षित रहँदैन।

संस्थागत लोकतन्त्रको 'बहुदेवता' सिद्धान्तले प्रत्येक निकायले आफ्नो भूमिका मर्यादित सीमामा पूरा गर्नुपर्छ भन्नेमा जोड दिन्छ। कार्यकारीले शासन सञ्चालन र नीति कार्यान्वयन गर्ने, व्यवस्थापिकाले विधि निर्माण र निगरानी गर्ने, न्यायपालिकाले संविधान र कानुनको रक्षा गर्ने, संवैधानिक निकायहरूले निष्पक्ष नियमन गर्ने र नागरिक समाज सञ्चारमाध्यमले खबरदारी र आलोचनात्मक प्रश्न गर्ने। यी सबैले आआफ्नो भूमिका पूरा गर्दामात्रै लोकतन्त्रले सन्तुलितरूप पाउँछ। लोकतन्त्र कुनै एकल वृक्ष होइन, बरु विविध प्रजातिका वनस्पतिहरूले बनेको एउटा जङ्गल हो। एउटा रुख ढले पनि जङ्गल जीवित रहन्छ तर एउटै रुखमा आश्रित भए त्यो ढल्नेबित्तिकै सम्पूर्ण व्यवस्था ध्वस्त हुन्छ। त्यसैले संस्थागत लोकतन्त्रले नागरिकलाई व्यक्तिमा भन्दा संस्थामा आस्था राख्न सिकाउँछ।

हाम्रो समाजले अझै पनि नायकप्रतिको आकर्षण त्याग्न सकेको छैन। तर स्थायी लोकतन्त्रको जग त्यतिबेला मात्र बस्छ जब हामी 'बहुदेवता'को अवधारणा आत्मसात् गर्छौं र बुझ्छौं कि एउटैमात्र स्वरूपका देवता वा एउटैमात्र स्वरूपको शक्तिले संसार धान्न सक्दैन। लोकतन्त्र त धेरै देवता अर्थात् धेरै स्वरूपको शक्तिको प्रतिनिधित्व गर्ने संस्थाहरूको सहअस्तित्वमा मात्र फस्टाउँछ।

**लोकतन्त्रका चार स्तम्भ**

१. स्वतन्त्र न्यायपालिका- विधिको शासन कायम गर्ने र कार्यकारीलाई संवैधानिक सीमाभित्र राख्ने संरक्षक।

२. जीवन्त व्यवस्थापिका - प्रश्न गर्ने, बहस गर्ने, विधि निर्माण गर्ने र कार्यकारीलाई निगरानी गर्ने थलो।

३. संवैधानिक निकायहरू - निर्वाचन आयोग, अख्तियार, महालेखा परीक्षकजस्ता निकाय लोकतन्त्रका 'संस्थागत प्रहरी' हुन्।

४. स्वतन्त्र प्रेस र नागरिक समाज - निरन्तर खबरदारी गर्ने, सत्तालाई जवाफदेही बनाउने र आवाजविहीनलाई आवाज दिने।

संस्थागत संस्कृति बलियो नभएसम्म व्यक्ति बदल्दा वा प्रणालीको नाम फेर्दा आधारभूत सुधार सम्भव हुँदैन। लोकतन्त्रको शक्ति चमत्कारी नेतामा होइन सुव्यवस्थित प्रणाली र संरचनामा हुन्छ।

**शिक्षाको दर्शन र लोकतान्त्रिक चेतना**

हाम्रो शिक्षा प्रणालीले अझै पनि 'एउटामात्र उत्तर' खोज्ने परम्परालाई प्राथमिकता दिएको छ। यसले विद्यार्थीलाई पाठभित्र नै भएको अनुच्छेदबाट दुरुस्त उत्तर खोज्ने अभ्यासमा सीमित बनाउँछ र प्रश्न गर्ने, सन्देह गर्ने र तर्क वितर्क गर्ने क्षमताबाट वञ्चित गर्छ। यसै कारण, हाम्रो राजनीतिक चेतनामा पनि 'एकल नायक' वा 'एकल समाधान प्रति अपेक्षा बढेको हो। हामी प्रायः सोच्छौं कुनै चमत्कारी व्यक्तिले राष्ट्रलाई उद्धार गर्नेछ। तर लोकतन्त्रको सार यस्तो नायकत्वमा होइन बहुविध दृष्टिकोण र बहुआयामिक समाधानमा अडिएको हुन्छ। लोकतन्त्रलाई बलियो बनाउन, शिक्षा प्रणालीले विद्यार्थीलाई आलोचनात्मक सोच्न, प्रश्न गर्न र बहस गर्न सिकाउनुपर्छ। उत्तर खोज्नेमात्र होइन प्रश्न पनि गर्ने संस्कार लोकतान्त्रिक समाजको मेरुदण्ड हो। जब विद्यार्थीले विभिन्न दृष्टिकोणलाई सुन्ने र तौलने बानी सिक्छन्, त्यतिबेला उनीहरू भविष्यका सजग नागरिक बन्छन्। लोकतान्त्रिक शिक्षाले नागरिकलाई 'प्रश्नकर्ता' बनाउनुपर्छ, 'आज्ञाकारी अनुयायी' होइन।

यही ठाउँमा बौद्धिक वर्गको भूमिका अपरिहार्य हुन्छ। बौद्धिक वर्ग विश्वविद्यालयको कक्षाभित्र मात्र सीमित हुँदैन। उनीहरू समाजका आलोचनात्मक आँखा हुन्। उनीहरूले सत्तासँग प्रश्न गर्नुपर्छ, 'लोकप्रिय' भावनालाई चुनौती दिनुपर्छ र दीर्घकालीन सत्य र विवेकको पक्षमा उभिनुपर्छ। लोकतन्त्रबिना बौद्धिक वर्ग भिडमा परिणत हुनसक्छ। किनभने नागरिकलाई भेडाझैँ हाँक्नेहरू बलियो हुन्छन्, तर सोंच्ने र प्रश्न गर्नेहरू दुर्लभ हुन्छन्।

बौद्धिक वर्ग पनि निष्क्रिय, यथास्थितिवादी वा सत्ताकै चापलुसी गर्ने भयो भने लोकतन्त्रको आत्मा नै क्षीण हुन्छ। लोकतन्त्रलाई जीवन्त राख्न बौद्धिक वर्गले निरन्तर आलोचनात्मक रहनुपर्छ। कहिलेकाहीँ अप्रिय, यदाकदा अपमानित तर सधैँ सत्य र विवेकको पक्षधर।

**आत्ममन्थनका लागि प्रश्नहरू**

१. के प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख वास्तवमै हाम्रो राजनीतिक अस्थिरताको मूल रोगको रामवाण हो। वा यसले शक्ति सन्तुलनलाई नयाँ किसिमको संघर्ष-संसद् र कार्यपालिकाबिचको अन्त्यहीन द्वन्द्वमा धकेल्ने हो ?

२. के हामी जवाफदेहीको मोहमा शक्ति सन्तुलनजस्तो लोकतन्त्रको आत्मा नै दाउमा राख्न तयार छौँ ? जवाफदेहीबिना लोकतन्त्र अधुरो हुन्छ, तर शक्ति सन्तुलन बिना लोकतन्त्र नै निरर्थक हुन्छ भन्ने द्वन्द्वलाई हामी कसरी समाधान गर्ने ?

३. हाम्रो वर्तमान संस्थागत संरचना नै कमजोर, राजनीतिकृत र अविश्वसनीय छ भने के प्रणालीको नाममात्र फेरेर सुधार सम्भव छ ? कि संस्थागत अखण्डता र संस्कृतिमा दीर्घकालीन लगानी गर्नुपर्ने हो ?

४. हाम्रो शिक्षा प्रणालीले के विद्यार्थीलाई प्रश्न गर्न, बहस गर्न र बहुदृष्टिकोणलाई आत्मसात् गर्न सिकाउँछ ? कि अझै पनि उनीहरूलाई 'एकमात्र उत्तर' को खोजीमा सीमित राख्छ ? शिक्षा नै आलोचनात्मक चेतनाबाट वञ्चित छ भने लोकतन्त्र कसरी आलोचनात्मक नागरिकता उत्पादन गर्न सक्छ ?

**निष्कर्ष**

लोकतन्त्र कुनै स्थिर संरचना होइन। यो निरन्तर अभ्यास र आत्मसंशोधनको यात्रा हो। यसको सार कानुन र प्रक्रियामा मात्र सीमित हुँदैन बरु नागरिक चेतना, संवाद गर्ने क्षमता र संस्थागत इमानदारीमा निहित हुन्छ। हाम्रो समाजले प्रायः प्रणालीमा सुधारभन्दा बढी चमत्कारी नायक खोज्ने बानी बनाएको त छैन ?

तर लोकतन्त्र कुनै चमत्कारी औषधि होइन जहाँ एक जना व्यक्तिले सबै समस्याको समाधान गर्छ। यसको बल त त्यतिबेला मात्र देखिन्छ जब नागरिकले आलोचनात्मक प्रश्न सोध्न सक्छन्, जब संस्थाहरू निष्पक्ष र जवाफदेही हुन्छन् र जब शिक्षा प्रणालीले भिन्नभिन्न विचारलाई सम्मान गर्ने क्षमता जगाउँछ।

प्रश्न अब यो हो के हामी सजिलो उत्तर र चमत्कारी उद्धारकर्ताको मोहमा रहिरहनेछौँ ? वा कठिन तर आवश्यक बाटो रोज्दै आलोचनात्मक सोंच, बलिया संस्था, र जागरुक नागरिकतामार्फत् लोकतन्त्रलाई परिपक्व बनाउनेछौँ ? अन्ततः लोकतन्त्र कुनै जादु होइन।

यो एउटा यात्रा हो जसलाई दिनप्रतिदिन संस्थागत इमानदारी, कानुनको शासनप्रतिको प्रतिबद्धता, र सचेत नागरिकताले मजबुत पार्छ। 'छु मन्तर' गरेर सबै ठीक गरिदिने जादूको छडीधारी नायकको खोजी सजिलो सपना हुन सक्छ, तर बलियो लोकतन्त्र निर्माण गर्नु हाम्रो सामूहिक बौद्धिक कर्तव्य हो।

बाह्रखरीबाट


## Rurukshetra Rural Municipality
### Office Of The Rural Municipal Executive
Ghiubensi, Gulmi
Lumbini Province

## Invitation for Bids

First Date of Publication: January1st, 2026(2082/09/17)

Office of Rurukshetra Rural Municipality, Ghiubensi,Gulmiinvites only electronic bids for the following goods under Sealed Quotation(SQ).

| S. No | Contract No./ IFB No. | Estimated amount (Exclusive of VAT) NRS | Name of the Project & Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time Bid Opening | Bid /Bid Security Validity Period | Bid Security NRS |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ORRM-G-SQ -26-082/83 | 4,42,120.95/- | Purchase of Agricultural Pesticides and laboratory Equipment's. | 1,000/- | 18th January, 2026 (2082/10/04) Before 12:00 hr | 18th January, 2026 (2082/10/04) At 13:00 hr | 45/75 days | 14,000/- |

1. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp.
2. Information for depositing the cost of bidding document and Bid Security
   Name of Bank: Nepal Investment Mega Bank Ltd, Gulmi
   Office Name: Rurukshetra Rural Municipality
   GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (For Bid Document Fee)
   Revenue Code Number(Rajaswa Shrishak No): 14249 (Aanya Dastur)
   GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (for Bid Security)
3. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at thes ame time and venue.
4. The person, firm or company blacklisted as per Public Procurement Act-2063 withamendment, shall be inelegible to submit the bid and also the proprietor of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 withamendment and Public Procurement Regulation-2064 withamendment and other prevailing regulations.
6. The Employer reserves the right to accept or reject,wholly or partly any or all the bids with out assigning reason, what so ever.
   Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

Chief Administrative officer

# विश्वकपको ट्रफी नेपालमा ल्याइने

बुटवल । भारत र श्रीलङ्कामा संयुक्त रुपमा आयोजना हुने आइसिसी पुरुष टि-२० विश्वकप २०२६ को ट्रफी टुर कार्यक्रम नेपालमा पनि हुने भएको छ।

आगामी फेब्रुअरी ७ तारिखदेखि सञ्चालन हुने विश्वकप क्रिकेट प्रतियोगिताको ट्रफी जनवरी ५ देखि ७ तारिखसम्म नेपालमा हुने तय भएको नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा बुधबार जारी विज्ञप्तिमा जनाएको छ।

विज्ञप्तिमा उक्त ट्रफी टुर कार्यक्रमको विस्तृत विवरण, तालिका, स्थान तथा विभिन्न गतिविधिहरूको जानकारी भने अर्को प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरिने जनाएको छ । टि-२० विश्वकपको ट्रफी पहिलोपटक नेपाल ल्याउन लागिएको हो ।

वश्वकपमा नेपाल समूह 'सी'मा परेको छ । नेपालको समूहमा इङ्ल्यान्ड, वेस्ट इन्डिज, इटाली र बङ्गलादेश छन् ।

# कोलुवा शान्ति र प्रगति टोल विकास सेमिफाइनल प्रवेश

देवदह । रुपन्देहीको देवदहमा सञ्चालित प्रथम टोलस्तरीय सेभेन साइड मैत्रीपूर्ण फुटबल प्रतियोगिताअन्तर्गत भएको खेलमा कोलुवा शान्ति र प्रगति टोल विकास संस्था सेमिफाइनलमा प्रवेश गरेको छ।

प्रतियोगिताअन्तर्गत पहिलो क्वाटर फाइनल खेलमा गाठादी टोल विकास संस्थालाई सून्यका विरुद्ध ३ गोलव गर्दै कोलुवा शान्ति टोल विकास संस्था सेमिफाइनलमा प्रवेश गरेको छ।

खेलमा जर्सी नम्बर १९ का देव दर्लामीले २ गोल र जर्सी नम्बर ५ का विवेक सिंजालीले १ गोल गरेका थिए। यसैगरी दोश्रो क्वाटर फाइनल खेलमा सगरमाथा टोल विकास संस्थालाई हराउँदै प्रगति टोल विकास संस्था सेमिफाइनलमा प्रवेश गरेको छ। खेलमा प्रगति टोल विकास संस्थाका खेलाडी जर्सी नम्बर १२ का विशाल बारघरेले १ गोल गरेका थिए।

यसैगरी अर्को खेलमा एकता टोल विकास संस्था क्वाटर फाइनलमा प्रवेश गरेको छ। खेलमा सुन्दर टोल विकास संस्थालाई १ विरुद्ध ५ गोल गर्दै एकता टोल विकास संस्था क्वाटर फाइनलमा प्रवेश गरेको हो । खेलमा एकता टोल विकास संस्था खेलाडी जर्सी नम्बर १० का जलन थापाले ३ गोल र जर्सी नम्बर ४ का सुभम क्षेत्रीले २ गोल गरेका थिए।

यसैगरी सुन्दर टोल विकास संस्थाका खेलाडी जर्सी नम्बर ३, का शीतल रेश्मीले १ गोल फर्काउन सफल भएका थिए। देवदह नगरपालिका-५, को आर्थिक सहयोग र वडास्तरीय खेलकुद समितिको आयोजनामा भएको प्रतियागिताका विजेताले नगद १५ हजार र उपविजेता टिमले नगद १० हजार ट्रफी र मेडल प्राप्त गर्ने प्रतियोगिताका संयोजक नविन लुइँटेलले जानकारी दिए।

---

### एक...

विमानस्थल सञ्चालन महाशाखा प्रमुख मुरारीप्रसाद पौडेलले गत कार्तिक ९ गतेबाट थाइ एयर एसियाले भैरहवा-बैंकक सातामा दुई दिन उडान भरिरहेको जानकारी दिए। त्यसबाहेक नेपालले कतार सरकारलाई उपहार प्रदान गरेका दुई हात्तीलाई पनि कतार एयरवेजको जहाजमार्फत् भैरहवाबाटै पठाइएको थियो ।

यसबाट भैरहवामा ठूला जहाजले सेवा दिन सक्ने पुष्टि भएको उनले जनाए । 'भैरहवामा निजी क्षेत्रलेमात्र होइन, सरकारले पनि अर्बौं लगानी गरेको छ,' उनले भने-'यो विमानस्थल सञ्चालन नभए निजी क्षेत्रमात्र होइन सरकार पनि डुब्ने अवस्था छ, त्यसैले जतिसक्दो छिटो विमानस्थल चलाउन 'एभिएसन डिप्लोमेसी' अपनाउनु पर्नेछ ।'

नाट्टा लुम्बिनी प्रदेश अध्यक्ष चन्द्रबहादुर थापा, सिद्धार्थ सञ्जालका अध्यक्ष अनिलकुमार ज्ञवाली, सिद्धार्थ उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष दीलीपकुमार कान्दुलगायतले बोल्दै विमानस्थल दिगो सञ्चालनका लागि निजी क्षेत्र हातेमालो गर्न तयार रहेको, नियमित उडानका लागि बारम्बार दबाब र आन्दोलनका कार्यक्रम आयोजना गरे पनि नियमित अन्तर्राष्ट्रिय उडान नहुनु दुखद रहेको बताउँदै विमानस्थल सञ्चालनका लागि निजी क्षेत्रले खेल्नुपर्ने भूमिकाका लागि सधैँ तयार रहेको बताए ।

विमानस्थल सञ्चालन नहुँदा सरकार र निजी क्षेत्रको लगानी डुब्ने अवस्थामा पुगेका कारण सबै सरोकारवाला एकजुट भएर सञ्चालनका लागि रहनुपर्ने बताए । कार्यक्रममा वार्षिकोत्सव अवधिमा आयोजना गरिएका विभिन्न खेलका बिजेता र उप-विजेतलाई पुरस्कृत गरिएको थियो ।

### सियारीको...

गाउँपालिकाले व्यवस्थापनको जिम्मा लिएपछि राम्रोसँग व्यवस्थापन गर्नुपर्छ, बन्दीगृह जस्तो बनाएर खाना नपाएर पनि पशुहरु मरेका छन् ।

यहाँ ५६ वटा पशु छन्, तर खानको लागि पानी, केही पराल र भुस मात्रै रहेको छ। व्यवस्थापनको जिम्मा लिएकोले पशुलाई पोषणसहितको सन्तुलित खानाको व्यवस्थापन गर्नुपर्ने उनले बताए । यसलाई पशुको मसान घाटको रुपमा बनाउनुभन्दा व्यवस्थित रुपमा मरेको पशुलाई व्यवस्थापन गर्नुपर्ने उनले बताए । एक लाइनले पशुहरु गाड्दै गएको स्थानीयलाई हानी नोक्सानी हुने उनले जनाए।

सीतापुर टोल सुधार समितिका अध्यक्ष कुमार केवटले नाम राम जानकी गौशाला जस्तो पवित्र बनाए पनि काम सबै गाईहरुलाई मार्ने काम मात्रै भएको बताए। 'संरक्षण गरी पाल्नुपर्ने ठाउँमा यहाँ ल्याएर मार्ने काम भएको छ।

न घास छ, न हरियो पात तथा पोसणको सामान नै यहाँ पालिका भरिको गाई ल्याउने मार्ने र गाड्ने काम मात्रै भएको छ,' केवटले भने-'जे छ त्यो खुवाउने काम कार्यरत कर्मचारीले गरिरहेका छन् ।'

५६ वटा पशु रहेता पनि ३ वटा पशु अस्वस्थ रहेकोले हिंड्न सक्ने अवस्थामा नरहेको कर्मचारीले जानकारी दिए । चौपायाहरुलाई घेरेर राखिएको छ। चरनका लागि घाँस पनि छैन, केही पराल र भुसको सहारामा उनीहरु बन्दी जस्तै बनाइएको छ। जाडोयाममा खुला रुपले राखिएको गाईहरु बन्धक बनाइदा अवस्था अत्यन्तै दयनीय रहेको छ।

३ महिनाको दौरानमा दर्जनौँको संख्यामा गाईगोरु मरेकोले सटेकै ठाउँमा गाडिएको छ। गाईगोरु भोकले गर्दा दुब्ला र रोगी छन्। बिरामी भएका गाईगोरु भकाभक मरिरहेका छन् ।

रामजानकी गौशाला व्यवस्थापन समितिका अध्यक्ष हेमकुमार कुर्मीले दोस्रो स्थानीय तहको निर्वाचनपछि स्थानीयले छाडा चौपायालाई पालिकाको परिसरमा छाडेपछि त्यसको समाधानका लागि गौशाला बनेको र सर्वसम्मतले व्यवस्थापनको जिम्मा पाएको बताए।

